बालमैत्री प्रकाशन

# मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षाबारे जानकारी

## सन् २०११ को नेपालको मानवअधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षाले दिएका बालबालिकाको अधिकारसँग सम्बन्धित सूझावहरूसहित



EUROPEAN UNION

Save the Children

बालमैत्री प्रकाशन

# मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षाबारे जानकारी

## सन् २०११ को नेपालको मानवअधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षाले दिएका बालबालिकाको अधिकारसँग सम्बन्धित सुझावहरूसहित

२०१३

| | |
|---|---|
| पुस्तिका : | मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षाबारे जानकारी (बालमैत्री प्रकाशन) |
| सम्पादन : | चन्द्रिका खतिवडा |
| चित्र/लेआउट : | नवीन्द्रमान राजभण्डारी |
| प्रकाशक : | कन्सोर्टियम, सिजप र सेभ द चिल्ड्रेन |
| आर्थिक सहयोग : | युरोपियन युनियन |
| सर्वाधिकार © : | सेभ द चिल्ड्रेन, २०१३ |
| धन्यबाद : | यो पुस्तिका संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्बाट तयार पारिएको मानवअधिकारको विश्वव्यापी समीक्षासम्बन्धी सूचनाजानकारी एवम् सन् २०११ मा भएको नेपालको आवधिक समीक्षाको अन्तिम प्रतिवेदनको आधारमा तयार पारिएको हो । त्यसप्रति हामी आभार व्यक्त गर्दछौं । |

यो पुस्तिका नाफा नकमाउने उद्देश्यले जनचेतना जागरण र सार्वजनिक हितका लागि प्रकाशित गरिएको हो ।

## यो पुस्तिका वाहकको

नामथर: ..............................................................

विद्यालयको नाम: ................................................

पढिरहेको कक्षा: ..................................................

यदि बालक्लवको सदस्य भए :

बालक्लवको नाम: ............................................

पद: ....................................

जिल्ला: ................................

# मन्तव्य

Save the Children

सम्पूर्ण भाइबहिनीहरूलाई नमस्कार,

बालबालिकाको जीवनमा दीर्घकालिन एवम् सकारात्मक परिवर्तन ल्याउन बालअधिकारको सुनिश्चितता अपरिहार्य छ । सोका लागि सेभ द चिल्ड्रेनले नेपाललगायत विश्वका १२० जति देशहरूमा बालअधिकारका निम्ति कार्य गर्दै आएको सर्वविदितै छ । बालबालिकाको सहभागिताको अधिकारलाई सेभ द चिल्ड्रेनको कार्यगत सिद्धान्तको रूपमा अंगिकार गर्दै बालसहभागितालाई समुदायदेखि नीतिगततहसम्म नै प्रवर्द्धन गरिनुपर्ने कुरामा निरन्तर जोड दिँदै आएको छ ।

बालसहभागिता प्रवर्द्धनका लागि बालबालिकाले उचितरूपमा सूचना पाउनुपर्दछ । यसै सन्दर्भमा सन् २०११ मा भएको मानवअधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षामा विभिन्न देशहरूले नेपाललाई बालबालिकाको अधिकारसम्बन्धी सुझावहरू दिएका थिए । त्यसैबारे जानकारी दिनका लागि यो बालमैत्री पुस्तिका तयार पारिएको हो । यो पुस्तिकामा विश्वव्यापी आवधिक समीक्षाबारे सरल भाषामा सचित्र प्रस्तुत गरिएको छ । यो पुस्तिका तपाईंहरू जस्तै बालबालिकासँग पटकपटक छलफल गरी तयार परिएको हो ।

अन्त्यमा, यस बालमैत्री पुस्तिका तयार पार्ने बेलामा आफ्नो अमूल्य सुझाव दिई सहयोग गर्ने सम्पूर्ण भाइबहिनीहरूप्रति आभार प्रकट गर्दछु । साथै यो पुस्तिकालाई तपाईहरूको हातसम्म ल्याउनका लागि आर्थिक सहयोग प्रदान गर्ने युरोपियन युनियन, सहजीकरण गर्ने कन्सोर्टियम र सिजपलगायत यो बालमैत्री पुस्तिका तयार पार्ने चन्द्रिका खतिवडा र सम्पूर्ण टीमलाई विशेष धन्यबाद दिन्छु ।

जगत ब. खड्का
राष्ट्रिय उप-निर्देशक

# शुभकामना

CONSORTIUM
of Organizations Working for Child Participation

प्यारा भाइबहिनीहरु,

धेरै धेरै माया अनि शुभकामना !!

बालसहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल) सन् १९९९ देखि नै प्रत्येक परिवारदेखि राज्यसम्म बालसहभागितालाई सुनिश्चित गर्ने अभियानमा निरन्तर क्रियाशिल छ । बालसहभागिताको एउटा महत्वपूर्ण पाटो भनेको तपाईहरुसँग सम्बन्धित कुराको बारेमा तपाईहरुले बुझ्ने भाषामा सुसूचित हुन पाउनु पनि हो ।

यस कुरालाई मनन गर्दै कन्सोर्टियम, सिजप र सेभ द चिल्ड्रेनको संयुक्त प्रयासमा तपाईंहरु जस्तै बालबालिकासँगको छलफल पछि यो पुस्तिका तयार पारिएको हो । यस पुस्तिकामा विश्वव्यापी आवधिक समीक्षाबारे सामान्य जानकारीका साथै सन् २०११ मा नेपालको आवधिक समीक्षा गरिंदा बालबालिकाको अधिकारको विषयमा प्राप्त विभिन्न सुझावहरुलाई तपाईंहरुले बुझ्ने भाषामा प्रस्तुत गरिएको छ ।

यस पुस्तिकालाई बालमैत्री बनाउनका लागि सुझाव दिई सहयोग गर्ने सम्पूर्ण भाइबहिनीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। यो पुस्तिकाको परिकल्पना गर्ने सेभ द चिल्ड्रेन र आर्थिक सहयोग गर्ने युरोपियन युनियनलाई म विशेष धन्यवाद दिन्छु । यो पुस्तिकालाई बालमैत्री भाषामा तयार पार्ने तथा बालबालिकासँगको परामर्शको सहजीकरण गर्नुहुने चन्द्रिका खतिवडा र अन्य सबै सहयोगी व्यक्तित्वहरु धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा, यस पुस्तिका तयार गर्दा व्यवस्थापकीय जिम्मेवारी सम्हाल्नु भएका कन्सोर्टियम कार्यसमितिका सदस्यहरु तथा सचिवालयका कर्मचारी साथीहरुलाई पनि धन्यवाद दिन्छु ।

Jiyam Sh.

जियम श्रेष्ठ

अध्यक्ष





प्यारा भाइबहिनीहरू,

नमस्कार ।

आफूसँग सम्बन्धित कुराहरू जान्न र बुझ्न पाउनु तपाईंहरूको अधिकार हो । हामी, तपाईंहरूको त्यो अधिकारलाई सम्मान गर्दछौं । ल आउनुहोस्, यो सानो किताबमा तपाईंहामी मिलेर नेपालको मानवअधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षाबारे जानकारी लिऔं ।

## यो सानो किताबमा के कुरा छ ?

यो सानो किताबमा नेपालको मानवअधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षाबारे जानकारी छ । सन् २०११ को जनवरी महिनामा नेपालको मानवअधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षा भएको थियो । त्यसबेला बालबालिकाको अधिकारबारे पनि कुरा उठ्यो । नेपालको समीक्षा गर्दा भाग लिएका देशहरूले नेपाललाई सुझावहरू पनि दिए । केही सुझावहरू बालबालिकाको अधिकारसँग सम्बन्धित छन् । बालबालिकाको अधिकारसँग सम्बन्धित तिनै सुझावहरूलाई यो सानो किताबमा हामीले सरलरूपमा लेखेका छौं ।

हामीले यो किताब १२ वर्ष उमेर पुरा भएका तथा ७ कक्षा पढेका तपाईं सबै बालबालिकाले पढ्न सक्ने गरी लेखेका छौं । यो किताबको पछाडिको पानामा केही शब्दको अर्थ र परिभाषा दिएका छौं । यो सानो किताब पढ्दा त्यो पनि हेर्नुहोस् है ।







यो किताव लेखिसकेपछि १२ देखि १७ वर्षसम्मका ९५ जना बालबालिकालाई सहभागी गराएर कार्यशालाहरू सम्पन्न गरिएको थियो । त्यहाँ बालबालिकाले दिएका सुझावहरुलाई समावेश गरी यो कितावलाई सुधार गर्ने काम भएको छ । कार्यशालामा सहभागी सबै भाइबहिनीलाई हाम्रो धन्यबाद छ ।

यो सानो किताबको पहिलो पानामा तपाईंको नाम, स्कुलको नाम र पढिरहेको कक्षा लेख्ने ठाउँ छ । किताब हातमा पर्ने वित्तिकै आफ्नो नाम लेख्नुहोस् है । यदि तपाईंले दुई वा तीनवटा किताब पाउनुभयो भने आफ्नो सबभन्दा मिल्ने साथीको नामठेगाना लेखेर उनलाई उपहार दिनुहोस् । साथीले पनि पढ्न पाउनुपर्‍यो नि, हैन त ?

यो किताबको अन्तिममा हामीले केही खाली पाना छोडेका छौं । ती पानाहरुमा यो किताब पढ्दा तपाईंको मनमा लागेका कुराहरू लेख्नुहोस् । लेखेको कुरा हामीलाई पनि पठाउनुहोस् है । अनि, चिठी लेख्ने ठेगाना चाहिँ किताबको अन्तिममा दिएका छौं । यो सानो किताब पढ्दा तपाईंलाई कस्तो लाग्यो भनेर चिठीमा लेख्नुहोस् नि । किताबमा केही कुरा बुझ्न सकिएन भने त्यो पनि लेखेर पठाउनुहोस् । तपाईंको सल्लाह लिएर हामी यो सानो किताबमा अझ सुधार गर्दछौं।







## मानवअधिकार भनेको के हो ?

हामी मानिसलाई सम्मानित भई बाँच्न आवश्यक पर्ने सबै अधिकारहरूलाई ‘मानवअधिकार’ भनिन्छ । ‘मानवअधिकार’ भित्र खान, लाउन, बस्न, हिँडडुल गर्न पाउने अधिकारदेखि लिएर कुनै कुरा वा जानकारी थाहा पाउने, सभा–सम्मेलनमा भाग लिन पाउने, समूह बनाउने, देशको सरकार चुन्न पाउने लगायतका अधिकारहरू पर्दछन् । यी सबै अधिकारहरू सबै मानिसले सधैं पाउनुपर्दछ । यी अधिकार कसैलाई धेरै र कसैलाई थोरै नभई सबैले बराबर पाउनुपर्दछ । ठूला वा साना उमेर का, बालक वा बालिका, महिला वा पुरूष, हिमाल वा पहाड वा तराईमा बस्ने, हिन्दू, बौद्ध वा अन्य धर्म मान्ने तथा विभिन्न जातजातिका सबै मानिसले मानवअधिकार पाउनुपर्दछ । मानवअधिकारलाई लागू गर्न, गराउन देशभित्र र संसारभर कानुन बनाइएको हुन्छ । त्यस्तो कानुनलाई ‘मानवअधिकार’ कानुन भनिन्छ । त्यही कानुनअनुसार सबैले आफ्नो आफ्नो अधिकार पाएका हुन्छन् र पाउनुपर्दछ ।

बालबालिकाले भने आफ्नो उमेर र अवस्थाको कारण केही विशेष अधिकारहरु पनि पाउँदछन् । बाल्यकालमा नै पाउनु पर्ने त्यस्ता विशेष किसिमका अधिकारलाई ‘बालअधिकार’ भनिन्छ । नेपालको संविधान र अरु कानुनहरुमा बालअधिकारबारे लेखिएको हुन्छ । त्यसरी नै संयुक्त राष्ट्रसंघले सन् १९८९ मा लागू गरेको बालअधिकारसम्बन्धी महासन्धिमा पनि बालअधिकारबारे लेखिएको छ । यो त तपाईहरू सबैलाई थाहा नै छ ।





## यो किताब कसले बनाएको हो ?

तपाईंको हातमा भएको यो किताब सेभ द चिल्ड्रेनले कन्सोर्टियम र सिजप भन्ने बालबालिकासँग काम गर्ने संस्थाहरूको सञ्जालसँग मिलेर तयार गरेको हो । किताब तयार गर्ने सबै संस्थाहरूको पूरा नाम र सम्पर्क ठेगाना किताबको अन्तिम पानामा दिएका छौं । यो किताब लेख्न र छाप्न लागेको खर्च युरोपियन युनियनले दिएको हो ।

बालबालिकालाई पढ्न सजिलो हुने गरी यो किताब दाजु चन्द्रिका खतिवडाले लेख्नुभएको हो । उहाँलाई यो किताब लेख्न दिदी कुसुम शर्मा र दाजुहरू सुरेन्द्र रेग्मी, कुमार भट्टराई, शिव बहादुर थापा र उमाकान्त चौधरीले सघाउनु भएको थियो । अनि यो किताबको चित्रहरू दाजु नवीन्द्र राजभण्डारीले बनाउनु भएको हो । यसको सजावट दाजु महेश कुँवरले गर्नुभएको हो ।

## संयुक्त राष्ट्रसंघ भनेको के हो ?

संसारका सबैजसो देशहरू सदस्य भएको एक साझा संगठनलाई संयुक्त राष्ट्रसंघ भनिन्छ। तपाईंहरूले पक्कै पनि संयुक्त राष्ट्रसंघको बारेमा सुन्नुभएको छ होला, पढ्नुभएको छ होला। संयुक्त राष्ट्रसंघलाई अंग्रेजीमा United Nations र छोटकारीमा UN भनिन्छ। अहिलेसम्म संयुक्त राष्ट्रसंघमा १९३ वटा



देशहरू सदस्य भएका छन्। संयुक्त राष्ट्रसंघले संसारमा शान्ति फैलाउन र सबै मानिसहरूले मानवअधिकार पाउन सकून् भनेर काम गर्दछ। संयुक्त राष्ट्रसंघको मुख्य कार्यालय संयुक्त राज्य अमेरिकाको न्यूयोर्क र स्वीट्जरल्याण्डको जेनेभा





सहरमा छन् । अनि सबै सदस्य देशहरुमा संयुक्त राष्ट्रसंघको कार्यालय हुन्छ । नेपालमा चाहिँ पुल्चोक, ललितपुरमा संयुक्त राष्ट्रसंघको कार्यालय छ ।

## विश्वव्यापी आवधिक समीक्षा भनेको के हो ?

संयुक्त राष्ट्रसंघले आफ्ना सदस्य देशहरूका बालक, बालिका, महिला र पुरूषलगायत सबै मानिसहरूले उनीहरूका मानवअधिकार पाएका छन् कि छैनन् भनेर अनुगमन गर्दछ । सदस्य देशहरूमा मानवअधिकारको अवस्था कस्तो छ भनेर थाहा पाउन राष्ट्रसंघले आवश्यक भए अनुसार समयसमयमा अनुगमन गर्दछ । संयुक्त राष्ट्रसंघले गर्ने अनुगमनका विभिन्न तरिकाहरूमध्ये मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा पनि एक हो ।

## मानवअधिकार अनुगमन भनेको के हो ?

कुनै ठाउँको मानवअधिकारसम्बन्धी अवस्था झल्किने सूचनाजानकारीको खोजी गर्ने र त्यहाँको अवस्था राम्रो वा नराम्रो के छ भनी जाँच गर्ने काम नै 'मानवअधिकार अनुगमन' हो । यो निश्चित अवधिमा गरिन्छ । 'मानवअधिकार अनुगमन'ले त्यस समयमा कुनै ठाउँ वा कुनै देशमा भएका मानवअधिकारसम्बन्धी कमीकमजोरीलाई सुधार गर्न सहयोग गर्दछ ।

मानवअधिकारको अनुगमन गर्दा सूचकहरूको आधारमा गरिन्छ । 'सूचक' भनेको मानवअधिकारको अवस्था थाहा पाउन प्रयोग गरिने आधार हो । जस्तै : विद्यालय उमेरका सबै बालबालिका विद्यालय गएका छन् कि छैनन्, बालबालिकाले खोपको मात्रा पुरा गरेका छन् कि छैनन्, बालबालिकाको उमेरअनुसार शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकास भएको छ कि छैन भन्ने जस्ता कुराहरूले देशमा बालअधिकारको स्थिति कस्तो छ भनेर देखाउँदछ । यिनीहरु सूचक हुन् ।






## विश्वव्यापी आवधिक समीक्षाको शुरुवात कहिले भयो ?

सन् २००६ को मार्च १५ तारिखमा संयुक्त राष्ट्रसंघको महासभाले मानवअधिकार परिषदको स्थापना गऱ्यो । यो संयुक्त राष्ट्रसंघको मानवअधिकारसम्बन्धी काम गर्ने एक मुख्य कार्यालय हो । मानवअधिकार परिषदलाई अंग्रेजीमा UN Human Rights Council भनिन्छ । मानवअधिकार परिषदको स्थापना भए पछि नै मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा गर्ने काम शुरु भएको हो ।

## विश्वव्यापी आवधिक समीक्षाको पालो कहिले पर्दछ ?

मानवअधिकार परिषदले संसारभरका सबै देशहरुको पाँच-पाँच वर्षमा पालो पर्ने गरी मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा गर्ने नियम बनाएको छ । त्यसो भएकोले संयुक्त राष्ट्रसंघका सबै सदस्य देशहरुमध्ये एक वर्षमा ४२ देखि ४८ वटा देशहरुको विश्वव्यापी आवधिक समीक्षा गरिन्छ । नेपालको विश्वव्यापी आवधिक समीक्षाको पालो सन् २०११ मा परेको थियो । त्यो नेपालको पहिलो चरणको समीक्षा थियो । त्यस वर्ष अरु ४२ वटा देशहरुको समीक्षा गरिएको थियो । संयुक्त राष्ट्रसंघका सबै देशहरुको पहिलो चरणको विश्वव्यापी आवधिक समीक्षा गर्ने काम सकिएर सन् २०१२ को मे महिनाबाट दोश्रो चरणको समीक्षा गर्ने काम शुरु भएको छ ।





विश्वव्यापी आवधिक समीक्षा गर्दा पहिलो चरणमा देशहरू जुन क्रममा रहेका थिए दोश्रो चरणमा पनि ती देशहरु त्यही क्रममा नै रहन्छन् । त्यो हिसाबले नेपालको दोश्रो चरणको पालो सन् २०१५ को अक्टोबरदेखि डिसेम्बरसम्म बस्ने आवधिक समीक्षा बैठकमा पर्दछ ।



## विश्वव्यापी आवधिक समीक्षाको उद्देश्य के हो ?

संयुक्त राष्ट्रसंघले गर्ने मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षाको मुख्य उद्देश्य भनेको सबै देशमा मानवअधिकारको अवस्थामा सुधार गर्न सघाउनु हो । आवधिक समीक्षाले देशहरूलाई आफ्नो देशमा मानवअधिकारको अवस्थाबारे थाहा पाउन मद्दत गर्दछ । अनि देशमा मानवअधिकारको अवस्थालाई अझ राम्रो बनाउन सघाउँदछ । विश्वव्यापी आवधिक समीक्षाले कुनै देशमा भएका मानवअधिकारसम्बन्धी राम्रा कामहरुलाई अरु देशका मानिसहरुसम्म पुर्‍याउँदछ । अरू देशहरुले त्यस्ता राम्रो कामको उदाहरणबाट सिक्न सक्दछन् अनि आफ्नो देशमा लागू गराउन सक्दछन् । यसरी विश्वव्यापी आवधिक समीक्षाको असर संसारभरका मानिसहरूमा पर्दछ । त्यसरी नै समीक्षाले कुनै देशमा मानवअधिकारको अवस्था नराम्रो भए त्यसलाई सुधार गर्ने मौकासमेत दिन्छ । विश्वव्यापी आवधिक समीक्षाको बेलामा मानवअधिकार पूरा गर्न के कस्ता अप्ठ्याराहरु छन् भनेर पनि छलफल गरिन्छ । अनि ती अप्ठ्याराहरू हटाउन के कस्ता कामहरु गर्नुपर्दछ भनेर सुझाव पनि दिइन्छ ।

दोश्रो चरणको मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा गर्दा अघिल्लो पटक दिइएको सुझावहरुलाई त्यो देशले के कति लागू गर्‍यो भनेर पनि छलफल गरिन्छ । त्यसैले विश्वव्यापी आवधिक समीक्षाको धेरै नै महत्व छ ।



## विश्वव्यापी आवधिक समीक्षा कसरी गरिन्छ ?

संयुक्त राष्ट्रसंघले बनाएको एक कार्यदल वा समूहले कुनै पनि देशको मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा गर्दछ । कार्यदलमा मानवअधिकार परिषदबाट छानिएका ४७ वटा देशहरु सदस्यका रुपमा रहन्छन् । तर, कार्यदलमा नभएका अरु देशहरुले पनि कुनै अर्को देशको विश्वव्यापी समीक्षाका लागि गरिने छलफलमा भाग लिन पाउँदछन् । ती ४७ देशहरुमध्ये पनि मुख्यगरी तीनवटा देशहरुले कुनै एक देशको आवधिक समीक्षा गर्न जिम्मेवारी लिएका हुन्छन् । यसरी सघाउने ती तीनवटा देशहरुलाई 'ट्रोइका' भनिन्छ । सन् २०११ मा नेपालको विश्वव्यापी आवधिक समीक्षा गर्दा मोल्दोभा, क्युवा र कतार तीनवटा देशहरुले 'ट्रोइका' को रुपमा काम गरेका थिए । विश्वव्यापी आवधिक समीक्षा कार्यदलले पहिलो चरणमा हरेक देशको समीक्षाका लागि तीन घण्टा समय छुट्याएको थियो । दोश्रो चरणदेखि भने आधा घण्टा समय बढाएर साँढे तीन घण्टा बनाउने निर्णय भएको छ ।



## विश्वव्यापी आवधिक समीक्षा के को आधारमा गरिन्छ ?

कुनै पनि देशको मानवअधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षा गर्दा बिभिन्न प्रतिवेदनहरुका आधारमा गरिन्छ । त्यस्ता प्रतिवेदनहरुमा :

(१) मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षाको लागि भनेर सम्बन्धित देशले तोकिएको ढाँचामा लेखी बुझाएको प्रतिवेदन,


(२) मानवअधिकार उच्च आयुक्तको कार्यालयले तयार गरेको प्रतिवेदन,

(३) मानवअधिकारबारे काम गर्ने स्वतन्त्र विज्ञ वा समूहहरूका प्रतिवेदनहरु, र

(४) मानवअधिकारसम्बन्धी सरकारी कार्यालय, गैरसरकारी संस्था तथा सरोकारवाला संस्था वा व्यक्तिहरूले दिएका सूचनाजानकारीहरु आदि पर्दछन् ।

## विश्वव्यापी आवधिक समीक्षा कुन प्रक्रियाबाट हुन्छ ?

मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा गर्दा जुन देशको समीक्षा हुँदैछ त्यो देशसँग संयुक्त राष्ट्रसंघका अन्य सदस्य देशहरूले छलफल गर्दछन् । यसरी छलफल गर्न भनेर संयुक्त राष्ट्रसंघमा विश्वव्यापी आवधिक समीक्षा कार्यदलको बैठक बोलाइन्छ । त्यस्तो बैठकमा समीक्षा गरिने देशको माथिल्लो पदमा बसेका प्रतिनिधिहरूलाई बोलाइन्छ । सन् २०११ मा भएको नेपालको आवधिक समीक्षा बैठकमा त्यसबेलाको उप-प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री सुजाता कोइरालाको नेतृत्वमा एक टोली संयुक्त राष्ट्रसंघ गएको थियो ।




टोलीमा अरु १२ जना सदस्यहरु हुनुहुन्थ्यो । कुनै देशको आवधिक समीक्षा भइरहेको समयमा संयुक्त राष्ट्रसंघका कुनै पनि सदस्य देशहरूले भाग लिन पाउँदछन् । र, समीक्षा हुँदै गरेको देशलाई प्रश्न गर्न, आफ्नो विचार राख्न र सुझाव दिन पाउँदछन् ।





सन् २०११ मा भएको आवधिक समीक्षाको बेलामा नेपाललाई क्यानाडा, चेक रिपब्लिक, डेनमार्क, फ्रान्स, जर्मनी, आयरल्याण्ड, माल्दिभ्स, नेदरल्याण्ड, नर्वे, स्लोभेकिया, स्वीडेन, स्वीट्जरल्याण्ड, बेलायत र नर्दन (उत्तरी) आयरल्याण्डजस्ता देशहरुले प्रश्न सोधेका थिए । ती देशहरुले नेपालसँग सोध्न भनेर प्रश्नहरू तयार गरी ट्रोइकालाई दिएका थिए । र, ट्रोइकामा भएका देशहरुले नेपाललाई प्रश्न सोधेका थिए ।

## विश्वव्यापी आवधिक समीक्षामा गैरसरकारी संघसंस्थाले भाग लिन पाउँछन् ?

हो, विश्वव्यापी आवधिक समीक्षाको बेलामा गैरसरकारी संस्थाका प्रतिनिधिहरूले पनि भाग लिन पाउँदछन् । गैरसरकारी संस्थाहरूले समीक्षाको लागि आवश्यक सूचनाजानकारी भएको प्रतिवेदन राष्ट्रसंघको कार्यालयमा दिन सक्दछन् । त्यसरी गैरसरकारी संस्थाहरूबाट आएको प्रतिवेदनलाई समीक्षाका बेलामा महत्व दिएर हेरिन्छ र त्यसलाई 'अन्य सरोकारवालाहरूको प्रतिवेदन' भनेर समीक्षाको प्रतिवेदनमा पनि उल्लेख गरिन्छ ।

## विश्वव्यापी आवधिक समीक्षामा बालबालिकाले भाग लिन पाउँछन् ?

हो, हामी बालबालिकाले व्यक्तिगतरुपमा र बालबालिकाको संस्थाको प्रतिनिधि भएर समीक्षा बैठकमा भाग लिन पाउँदछौं । हामीले समीक्षामा आफ्नो तर्फबाट सूचनाजानकारी दिन सक्दछौं । यसरी दिएको सूचनाजानकारीलाई समितिले महत्व दिएर हेर्दछ ।





## मानवअधिकारका कुन कुन जिम्मेवारीहरूलाई विश्वव्यापी आवधिक समीक्षाले सम्बोधन गर्दछ ?

विश्वव्यापी आवधिक समीक्षा गर्दा कुनै पनि देशले आफ्नो देशमा मानवअधिकारसँग सम्बन्धित जिम्मेवारीहरूलाई कुन स्तरसम्म पूरा गरेको छ भनेर जाँच गरिन्छ । त्यसरी जाँच गर्नको लागि मानवअधिकारसँग सम्बन्धित सन्धि, महासन्धि तथा अन्य अन्तर्राष्ट्रिय कानुनहरूलाई आधार मानिन्छ । तिनमा, (१) संयुक्त राष्ट्रसंघको बडापत्र, (२) मानवअधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८, (३) समीक्षा गरिने देशले अनुमोदन गरेका मानवअधिकारसँग सम्बन्धित महासन्धिहरू, (४) समीक्षा गरिने देशले गरेको मानवअधिकारसँग सम्बन्धित प्रतिवद्धताहरू, र (५) सम्बन्धित अन्तर्राष्ट्रिय मानवीय कानुनहरू पर्दछन् ।

## मानवअधिकार कानुन भनेको के हो ?

आधारभुत स्वतन्त्रता, स्वामित्व र मानव मर्यादामा बाधा पुऱ्याउने कार्य तथा बेवास्ताबाट व्यक्ति र समूहहरूलाई बचाउन विश्वव्यापीरूपमा कानुन बनाएर निश्चित गरिएका अधिकारहरूलाई 'मानवअधिकार कानुन' भनिन्छ। उदाहरणको लागि संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ विश्वभरका बालबालिकाका हकअधिकारबारेको मानवअधिकार कानुन हो।

## मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा गरेपछि के हुन्छ ?


कुनै देशको मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा गर्ने काम सकिएपछि समीक्षा कार्यदलले प्रतिवेदन तयार गर्दछ । खासगरी ट्रोइकाले मानवअधिकार परिषदको सहयोगमा त्यस्तो प्रतिवेदन तयार पार्दछ ।





सो प्रतिवेदनलाई 'उपलब्धि प्रतिवेदन' भनिन्छ । प्रतिवेदनमा समीक्षा गरिएको देशलाई अरू देशहरूले सोधेका प्रश्नहरू र दिएका सुझावहरू राखिएको हुन्छ । साथै, प्रतिवेदनमा समीक्षा गरिएको देशलाई सोधिएको प्रश्नहरूमा उसले दिएको जवाफसमेत राखिन्छ ।

यसरी प्रतिवेदन तयार भएपछि विश्वव्यापी आवधिक समीक्षा कार्यदलले समीक्षा गरिएको देशसँग उपलब्धि प्रतिवेदन माथि आधा घण्टासम्म छलफल गर्दछ । त्यो छलफलमा समीक्षा गरिएको देशले 'उपलब्धि प्रतिवेदन' मा दिइएका सुझावलाई स्वीकार वा अस्वीकार गर्न सक्दछ । आफ्ना भनाइ राख्ने अवसर पाउँदछ । त्यस्तो छलफलमा समीक्षा गरिएको देशलाई दिइएका सुझावहरूमाथि उसलाई लागेका कुराहरू तुरून्तै भन्न पाउँदछ । त्यस छलफलमा भएका कुराहरू टिपी प्रतिवेदनमा थप गरिन्छ ।


United Nations
General Assembly

National report submitted in accordance with paragraph 15(a) of the annex to Human Rights Council Resolution 5/1

NEPAL

समीक्षा कार्यदलबाट प्रतिवेदन पाएको दुई हप्तासम्म समीक्षा भएको देशले त्यो प्रतिवेदनमा थपघट गर्न वा त्यसलाई सच्याउन पाउँदछ । त्यो प्रक्रिया पनि सकिएपछि मानवअधिकार परिषद्को सबै उपस्थित भएको बैठकबाट त्यस प्रतिवेदनलाई पास गरिन्छ । त्यसरी पास गर्ने बेलामा पनि 'उपलब्धि प्रतिवेदन' मा कुनै सदस्य देश र पर्यवेक्षक





देशहरूले आफ्नो कुरा राख्न सक्दछन् । इच्छुक गैरसरकारी संस्था र अन्य सरोकारवालाहरूले पनि प्रतिवेदनमाथि आफ्नो विचार राख्ने अवसर पाउँदछन् । यो सबै विधि सकिएपछि अन्तिम प्रतिवेदन तयार हुन्छ । र, सम्बन्धित देशले त्यस प्रतिवेदनलाई लागू गर्दछ ।

## मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षामा दिइएका सुझावहरूको अनुगमन (फलो-अप) के कसरी गरिन्छ ?

'अन्तिम उपलब्धि प्रतिवेदन' मा आएका सुझावहरू लागू गर्ने मुख्य जिम्मेवारी सम्बन्धित देशको नै हो । मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षाले दिएका सुझावहरूमा प्रगति भएको वा नभएको दुवै अवस्थाप्रति सम्बन्धित देश नै जिम्मेवार हुन्छ । यो कुरा विश्वव्यापी समीक्षाको कार्यविधिमा प्रष्टरूपमा लेखिएको छ । दोश्रो चरणमा त्यस देशको विश्वव्यापी आवधिक समीक्षा गर्दा पहिलो चरणको समीक्षाको बेला दिइएका सुझावहरूमा के कस्ता कामहरू भए अनि कुन कुन कामहरू चाहिँ हुन सकेनन् भनेर सम्बन्धित देशले भन्नुपर्दछ । मानवअधिकारको क्षेत्रमा के के राम्रा काम भए भनेर लिखित प्रतिवेदन नै दिनुपर्दछ ।

सम्बन्धित देशले चाहेमा 'उपलब्धि प्रतिवेदन' मा दिइएका सुझावहरूलाई लागू गर्न अन्तर्राष्ट्रिय संस्थाहरू र अरू देशहरूले आवश्यक आर्थिक र प्राविधिक सहयोग गर्न सक्दछन् । तर, सम्बन्धित देशले मानवअधिकारको आवधिक प्रतिवेदनको सुझावहरू कार्यान्वयन नगरेको अवस्थामा मानवअधिकार परिषदले त्यस देशको मानवअधिकारमा सुधार ल्याउन अन्य उपायहरू खोजी गर्दछ ।





## यदि कुनै देशले मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षाको प्रक्रियामा सहयोग गरेन भने के हुन्छ ?

यदि कुनै देशले मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षाको बेलामा र समीक्षा प्रतिवेदनमा दिइएका सुझावहरूलाई लागू गर्न सहयोग गरेन भने त्यस देशलाई के गर्ने भनेर मानवअधिकार परिषदले आवश्यक निर्णय गर्दछ । असहयोग गर्ने देशमा पनि के कसरी मानवअधिकारको स्थिति सुधार गर्ने भन्ने कुराको निर्णय गर्ने अधिकार पनि मानवअधिकार परिषद्लाई नै हुन्छ ।

## बालबालिकाले विश्वव्यापी आवधिक समीक्षाबारे जान्नु किन आवश्यक छ ?

१. बालबालिका अधिकारका धारक भएकाले उनीहरुलाई बालअधिकारका सम्बन्धमा देशले गरेका प्रतिवद्धताहरूबारे जान्ने अधिकार हुन्छ । यो बालबालिकाको सूचनाजानकारी पाउने अधिकार पनि हो ।

२. बालअधिकारका सम्बन्धमा देशले गरेका प्रतिवद्धताहरू के कति लागू भएका छन् वा छैनन् भनेर बालबालिकाका तर्फबाट समेत अनुगमन गर्न सक्दछन् । त्यसको लागि उनीहरूमा विषयसँग सम्बन्धित पर्याप्त जानकारी हुनुपर्दछ ।

३. विश्वव्यापी आवधिक समीक्षाबारे जानकारी भएमा बालबालिकाले त्यसबारेमा आफ्नो विद्यालय, बालक्लब तथा समूहमा साथीहरुसँग छलफल गर्न सक्दछन् । आवधिक समीक्षाको सिफारिसको कार्यान्वयनका लागि सरकारलाई अनुरोध गर्न सक्दछन् ।

४. विश्वव्यापी आवधिक समीक्षाबारे जानकारी भएमा बालबालिकाले आगामी दिनमा त्यसबारेमा आफ्नो तर्फबाट संयुक्त राष्ट्रसंघमा वैकल्पिक प्रतिवेदनसमेत पेश गर्न सक्दछन् ।

५. विश्वव्यापी आवधिक समीक्षा र त्यसबाट प्राप्त सुझावबारे जानकारी भएमा बालबालिकालाई आफ्ना हकअधिकार लागू गर्न गराउन सक्रिय हुन मद्दत पुग्दछ ।





## सन् २०११ मा भएको नेपालको विश्वव्यापी आवधिक समीक्षाको अन्तिम प्रतिवेदनमा उल्लेखित नेपालका बालबालिकाको अधिकारसँग प्रत्यक्ष सम्बन्धित सुझावहरू

### क. नीति, ऐनकानून, स्रोतको बाँडफाँड र बजेट

- अन्तर्राष्ट्रिय मापदण्डअनुसार बालन्यायसम्बन्धी कानून बनाई बालबालिकाको अधिकारको संरक्षण हुने गरी त्यसलाई लागू गर्ने र देशमा बालन्याय प्रणाली क्रियाशील भएको कुरा निश्चित गर्ने (बूँदा नं. १०८.२) ।

  यो सुझाव **माल्दिभ्स**ले दिएको थियो र यसलाई नेपालले स्वीकार गरेको थियो ।

**बालन्याय प्रणाली भनेको के हो ?**

कानुनले अपराध ठानेको काम कुनै बालबालिकाबाट हुन गएमा त्यसलाई 'बालबिज्याईं' भनिन्छ । बालबिज्याईं गरेको भनी आरोप लागेका बालबालिकालाई उनीहरूको वर्तमान र भविष्यमा समेत कम असर पर्ने गरी न्याय दिने काम सम्पन्न गर्नुपर्दछ । त्यस्तो बालक वा बालिकालाई प्रहरीले पक्रँदा, अदालतमा बयान गराउँदा, मुद्दाको छिनोफानो गर्दा र दोषी ठहर भएपछि सजाय तोक्दा विशेष व्यवस्था गर्नुपर्दछ ।

उदाहरणको लागि अदालतमा मुद्दाको कारवाही गर्दा बालक वा बालिकाको बाबुआमा, मुद्दासँग सम्बन्धित वकिल आदिलाई मात्र त्यहाँ उपस्थित हुन सक्दछन् । त्यस्ता बालक वा बालिकाको विवरण गोप्य राख्नुपर्दछ । अदालतमा न्याय दिंदा पालना गरिनुपर्ने यी र यस्तै व्यवस्थालाई 'बालन्याय प्रणाली' भनिन्छ ।





- लामो समयदेखि गर्न बाँकी रहेका बालबालिकासँग सम्बन्धित ऐनहरूलाई छिटोभन्दा छिटो पारित गरी लागू गर्ने । ती नीति तथा ऐनहरूमा : बालबालिकासम्बन्धी ऐन, शिक्षा नियमावली, बालसंरक्षणसम्बन्धी नीति र बालगृहहरूका लागि न्यूनतम् मापदण्ड आदि पर्दछन् । र, यी नीति, ऐन, नियमावलीहरूलाई व्यवहारमा लागू गर्न आवश्यक सबै उपाय अपनाउने (बूँदा नं. १०८.४) ।

  यो सुझाव **क्यानाडा**ले दिएको थियो र यसलाई नेपालले स्वीकार गरेको थियो ।

*प्रगति :* **बालबालिकासम्बन्धी नयाँ ऐन बाहेक अरू सबै नीति पारित भई लागू भएका छन् । सुझावमा 'बालसंरक्षण नीति' भनिएको भए पनि नेपाल सरकारले 'बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९' पारित गरी लागू गरेको छ ।**

- जातजातिका आधारमा गरिने भेदभावविरूद्धको विधेयक, राष्ट्रिय महिला आयोग, दलित आयोग तथा जनजातिको अधिकार र बालअधिकारसम्बन्धी ऐन तथा नीतिहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप हुनेगरी सुधार गरी पारित गर्ने (बूँदा नं. १०८.११) ।

  यो सुझाव **नर्वे**ले दिएको थियो र यसलाई नेपालले स्वीकार गरेको थियो ।

- मानवबेचबिखन र महिला तथा बालबालिकाको बेचबिखन एवम् उनीहरूमाथि हुने हिंसालाई हटाउन थप कानुनी उपाय लागू गर्ने र आवश्यकताअनुसार भएका कानुनहरूलाई प्रभावकारी रुपमा लागू गर्न थप प्रयास गर्ने (बूँदा नं. १०८.२०) ।

  यो सुझाव **जापान**ले दिएको थियो र यसलाई नेपालले स्वीकार गरेको थियो ।





- बालबालिकाको बेचबिखन रोक्न विस्तृत कानुन तयार पार्ने (बूँदा नं. १०८.२१) ।

  यो सुझाव **अष्ट्रियाले** दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- सरकारले बनाएको बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना २०६१/६२-२०७१/७२ लाई लागू गर्नका लागि स्रोतको व्यवस्था गर्ने (बूँदा नं. १०६.९) ।

  यो सुझाव **अल्जेरियाले** दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना २०६१/६२-२०७१/७२ लाई प्रभावकारी रूपमा लागू गर्नका लागि पर्याप्त स्रोतको बाँडफाँड गर्ने (बूँदा नं. १०६.९) ।

  यो सुझाव **स्लोभाकियाले** दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- महिला तथा बालबालिकामाथि हुने हिंसालाई अन्त्य गर्नका लागि राष्ट्रिय कार्ययोजना तयार गर्ने (बूँदा नं. १०७.८) ।

  यो सुझाव **अष्ट्रेलियाले** दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- बालबालिका, महिला र दलितमाथि हुने भेदभावलाई अन्त्य गर्नका लागि आवश्यक कानुनी तथा नीतिगत उपायहरू अपनाउने (बूँदा नं. १०७.११) ।

  यो सुझाव **नेदरल्याण्डले** दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- देशको राष्ट्रिय कानुनले बालबालिकामाथि हुने हिंसा र बालसैन्य भर्तीलाई दण्डित गर्ने कुरा सुनिश्चित गर्ने (बूँदा नं. १०७.१८) ।

  यो सुझाव **हङ्गेरी**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- सैनिक क्याम्पमा रहेका बालसैनिकहरूलाई प्रभावकारी रुपमा सकेसम्म छिटो सामाजिक तथा शैक्षिक पुनर्स्थापना गर्ने कार्यमा जोड दिने (बूँदा नं. १०७.१८) ।

  यो सुझाव **स्पेन**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- मानवअधिकारको अवस्थालाई राम्रो बनाउन गरिएका कार्यक्रम तथा नीतिहरूलाई निरन्तरता दिने र देशभरिको विद्यालय शिक्षामा मानवअधिकारको विषय राख्ने (बूँदा नं. १०६.१२) ।

  यो सुझाव **साउदी अरेबिया**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।







- विद्यालय पौष्टिक आहार कार्यक्रमलाई विस्तार गर्ने र समुदायहरुलाई आफ्नै ठाउँमा पाइने खानाको प्रयोग गर्न प्रोत्साहित गर्ने (बूँदा नं. १०६.५०) ।

  यो सुझाव **ब्राजिल**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- प्राथमिकतह सम्मको शिक्षा सबै बालबालिकालाई नि:शुल्क तथा अनिवार्य बनाउने कामलाई निरन्तरता दिने (बूँदा नं. १०६.५२) ।

  यो सुझाव **नर्वे**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- सबै बालबालिकाले शिक्षा र स्वास्थ्यको अधिकार पाएको सुनिश्चित गर्न कार्यक्रम लागू गर्ने र त्यसलाई निरन्तरता दिने (बुँदा नं. १०६.५२) ।

  यो सुझाव **क्यूबा**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- बुबाआमा र उनीहरुको समूहबीच पुगेर प्रत्येक बालबालिकाले पढ्न पाउने अधिकारबारे छलफल गर्ने (बूँदा नं. १०६.५४) ।

  यो सुझाव **फिनल्याण्ड**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- बालिकाहरुको विद्यालय भर्नालाई विशेष ध्यान दिंदै शिक्षा नि:शुल्क र अनिवार्य भएको सुनिश्चित गर्ने (बूँदा नं. १०८.३३)

  यो सुझाव **टर्की**ले दिएको थियो र नेपालले यसलाई अस्वीकार गरेको थियो ।





- पछाडि पारिएका, सुविधा नपाएका तथा सबैभन्दा जोखिममा रहेका समूहसहित सबै समुदायका बालबालिकालाई नि:शुल्क र अनिवार्य शिक्षा दिन शिक्षा नीतिलाई उपयुक्त, प्रभावकारी र समावेशी बनाउने कामलाई निरन्तरता दिने (बुँदा नं. १०८.३४) ।

  यो सुझाव **स्लोभाकिया**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- दलित समुदायका बालबालिका, बालिकाहरू तथा जनजाति समुदायका बालबालिकालाई उनीहरूको पढाइ पूरा गर्न सघाउन विशेष ध्यान दिने । साथै, पढाइ सकिए पछि रोजगारीका अवसर दिन र आफ्नो अधिकार लिन सक्ने बनाई उनीहरूलाई आफ्नो समुदायमा परिवर्तन गर्ने माध्यम बन्न सघाउने (बुँदा नं. १०८.३५) ।

  यो सुझाव **फिनल्याण्ड**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

## ख. बालसंरक्षणसँग सम्बन्धित

### बालसंरक्षण भनेको के हो ?

बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा वौद्धिक विकासमा गम्भीर एवम् नकारात्मक असर पार्ने खालका तथा निजमाथि हुने वा हुन सक्ने शारीरिक यातना तथा मानसिक पीडाजन्य कार्य वा व्यवहारबाट जोगाउनु बालसंरक्षण हो । बालसंरक्षणमा बालबालिकालाई जोखिममा पर्नै नदिन गरिने रोकथाम र दुर्व्यवहारमा परेका बालबालिकालाई दिइने सहयोग र पुनर्स्थापनासम्बन्धी कामहरू समेत पर्दछन् ।





- बालबालिकामाथि हुने बालदुर्व्यवहार र बालयौनशोषण अन्त्य गर्ने उपायहरूलाई सशक्त बनाउने (बुँदा नं. १०६.३०) ।

  यो सुझाव **अजरबैजान**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- मानवबेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६३ र सोको नियमावली, २०६४ को कार्यान्वयनलाई सशक्त गर्ने (बूंदा नं. १०६.३१) ।

  यो सुझाव **भुटान**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- दण्डहीनतालाई सम्बोधन गर्न, घरेलु हिंसाको रोकथाम गर्न र महिला तथा बालबालिकाको बेचबिखन तथा शारीरिक र यौनशोषणबाट उनीहरूको संरक्षण गर्न कानुन लागु गर्ने र न्याय दिने तरिकामा सुधार ल्याउने (बुँदा नं. १०६.३१) ।

  यो सुझाव **मलेशिया**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

*दण्डहिनता :* अपराध कार्य गर्ने जो सुकै व्यक्तिले कानुनअनुसार सजाय पाउँदछ र पाउनुपर्दछ। यो सबैले मानेको कुरा हो। कुनै पनि आधारमा अपराध गर्ने व्यक्तिलाई कानुनअनुसार कारबाही नगरी छुट दिने कामलाई दण्डहिनता भनिन्छ।

- बालबालिकाको बेचबिखन तथा उनीहरूलाई जवरजस्ती व्यवसायिक यौनकार्यमा लगाउने कार्यलाई रोक्ने (बुँदा नं. १०६.३१) ।
  यो सुझाव **जर्मनी**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।



- मानवबेचबिखनलाई रोक्ने, दोषीलाई कानुनी कारबाही गर्ने र पीडितलाई संरक्षण गर्ने तथा क्षतिपूर्ति दिने (बूंदा नं. १०६.३१) ।

  यो सुझाव **नेदरल्याण्ड**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ को कार्यान्वयन गर्ने (बुँदा नं.१०६.३२) ।

  यो सुझाव **भुटान**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- बालबालिकालाई श्रममा लगाउने, उनीहरूको गलत विवरण दिएर काममा लगाउने जस्ता कानुन विपरीतका कामहरूलाई अनुगमन गर्न, रोकथाम गर्न, उद्धार गर्ने र पुनर्स्थापना गर्ने कार्यालय बनाउने र कानुन विपरीत काम गर्नेलाई सजाय गर्ने (बुँदा नं. १०७.१९) ।

  यो सुझाव **स्पेन**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- बँधुवा बालश्रमलगायतका सबै खाले बालश्रमको अन्त्य गर्ने र अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ.) महासन्धि नं १३८ अनुसार १८ वर्षमुनिका बालबालिकाले निकृष्ट प्रकारका काम नगरेको सुनिश्चित गर्ने (बुँदा नं. १०७.२०) ।

  यो सुझाव **पोल्याण्ड**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।





## अन्तर्राष्ट्रिय श्रम संगठन के हो ?

अन्तर्राष्ट्रिय श्रम संगठन श्रमसम्बन्धी स्तर तोक्ने र कामदारहरूको हकअधिकारबारे काम गर्ने अन्तर्राष्ट्रिय संस्था हो । अंग्रेजीमा International Labour Office र छोटकरीमा ILO भनिने यो संस्था संयुक्त राष्ट्रसंघको एक निकाय हो । यसले श्रम वा कामदारको अवस्थाबारे संसारभर अनुगमन गर्दछ । संस्थाको श्रम वा कामदारसम्बन्धी कानुन बनाउँदछ ।

### निकृष्ट प्रकारका काम

अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १३८ अनुसार नेपाल सरकारले निम्न कामलाई बालबालिकाको हकमा निकृष्ट प्रकारका काम भनि परिभाषा गरेको छ :

- घरेलु बालश्रमिक (Child Domestic Labour)
- बालभरिया (Child Porter)
- कार्पेट फ्याक्ट्रिमा काम गर्ने बालश्रमिक (Child Labour in Carpet Factory)
- सडकमा आश्रित बालबालिकाः प्लाष्टिक तथा पुनः प्रयोग हुने सामान (कवाडी) संकलन गरेर जीविका गर्नेहरू (Street based Children – Rag-Pickers)
- बालबालिकाको बेचबिखन (Children in Trafficking)
- खानीमा काम गर्ने बालबालिका (Children in Mines)
- बँधुवा बालमजदुर (Bonded Child Labour)





- महिला तथा बालबालिकाविरूद्ध हुने हिंसाका मुद्दाहरू राम्ररी छानविन गरिएको सुनिश्चित गर्ने (बुँदा नं. १०७.२२) ।

  यो सुझाव **थाइल्याण्ड**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

## ग. सशस्त्र द्वन्द्वसँग सम्बन्धित

- उमेर नपुगेर अयोग्य ठहरिएका माओवादी लडाकु बालबालिकाको लागि कुनै व्यवधान नहुने गरी पुनर्स्थापना प्याकेज बनाउने र बालबालिकालाई राजनीतिक दलको सञ्चालन गर्ने हिंसात्मक काममा भाग लिन बाध्य नपार्ने कुरा सुनिश्चित गर्ने (बुँदा नं. १०६.२७) ।

  यो सुझाव **अष्ट्रिया**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- बालबालिकामाथि हुने सबै प्रकारको हिंसा तथा बालबालिकालाई बालसैन्यमा भर्ना गर्ने कामलाई रोक्न कानुन बनाउने (बूंदा नं. १०७.१८) ।

  यो सुझाव **हङ्गेरी**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- माओवादी सेनाको शिविरमा रहेका बालसैनिकहरूलाई जतिसक्दो छिटो समाजमा रहेर पढ्ने तथा आफ्नो घरपरिवारमा बस्ने वातावरण मिलाउन जोड दिने (बुँदा नं. १०७.१८) ।

  यो सुझाव **स्पेन**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- महिला तथा बालबालिकाको अधिकारको सम्मान तथा संरक्षणका लागि कार्यक्रमहरू बनाउने तथा ती कार्यक्रमहरू लागू गर्ने । यी कार्यक्रमहरूले द्वन्द्वबाट असर परेका बालबालिका, महिला तथा परिवारलाई फेरि घरपरिवार तथा समाजमा बस्न मिल्ने वातावरण बनाउन सघाउन सकुन् (बुँदा नं. १०६.१३) ।

  यो सुझाव **इजिप्ट**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।








## घ. संरक्षणको अधिकार, भेदभावरहित समग्र मानवअधिकारको सुधार र अन्य

- बालबालिका, महिला, तथा जोखिममा रहेका अन्य समूहहरूको मानवअधिकारको संरक्षण गर्ने थप उपायहरूमा जोड दिने (बुँदा नं. १०६.१४) ।
  यो सुझाव **फिलिपिन्स**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।
- बालबालिका, महिला, अपाङ्गता भएका व्यक्तिहरू र वृद्धवृद्धालगायत जोखिममा रहेका समूहहरूको अधिकारलाई माथि उठाउन भएका प्रयासहरूलाई दुईगुना बनाउने (बुँदा नं. १०६.४६) ।
  यो सुझाव **क्यूबा**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।
- सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्धको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधिन आलेखलाई अनुमोदन गर्ने (बुँदा नं. १०७.१) ।
  यो सुझाव **अष्ट्रिया**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

*नोट :* **नेपालले सन् २००७ मा नै यस इच्छाधीन आलेखलाई अनुमोदन गरिसकेको छ ।**

- अपाङ्गता भएका बालबालिका, वयस्क तथा महिला र बालिकाजस्ता जोखिम परिस्थितिमा बाँचिरहेका समूहहरूले विना भेदभाव समान किसिमबाट अधिकार पाएको सुनिश्चित गर्ने (बुँदा नं. १०८.१४) ।
  यो सुझाव **चिली**ले दिएको थियो र नेपालले यसलाई स्वीकार गरेको थियो ।

- आफ्नो घर छाडेर देशभित्र अन्य ठाउँमा बसाइँ सरेका व्यक्तिहरू, शरणार्थी र विदेशमा शरण खोजिरहेका बालबालिका र तिनका परिवारहरूले विना भेदभाव स्वास्थ्य, शिक्षा, जन्मदर्ताजस्ता अधिकार पाए वा नपाएको निश्चित गर्ने (बुँदा नं. १०८.३६) ।
  यो सुझाव **थाइल्याण्ड**ले दिएको थियो र नेपालले यसलाई अस्वीकार गरेको थियो ।
- राष्ट्रविहीन (कुनै पनि राष्ट्रको नागरिक नभएका) बालबालिकाका मुद्दाहरूलाई नयाँ बन्ने संविधानमा सम्बोधन गर्ने (बुँदा नं. १०९.१२)
  यो सुझाव **स्लोभाकिया**ले दिएको थियो र नेपालले यसलाई अस्वीकार गरेको थियो ।





## अवधारणा तथा शब्दको अर्थ

| | |
|---|---|
| अनुमोदन | सन्धि वा महासन्धिलाई आफ्नो देशमा लागू गर्ने प्रतिज्ञा वा प्रतिबद्धतासहित जनाइएको लिखित सहमति । |
| गैरसरकारी संस्था | सरकारी स्रोतबाट नभएर आफैं स्रोत खोजी वा वाह्य सहयोगमा चलेका स्वयम्सेवी संस्था । |
| दस्तावेज | महत्वपूर्ण सन्धि-सम्झौता तथा कागजातहरु । |
| पुनर्स्थापना प्याकेज | नेपालमा चलेको सशस्त्रद्वन्द्वबाट प्रभावित भएका बालबालिकालाई पुन: समाजमा फर्कने वातावरण मिलाउन चाहिने सामाजिक, आर्थिक, मनोसमाजिक सहयोग तथा जीविकोपार्जन आदिका लागि गरिने सहयोगको समुच्च रुप । |
| प्रतिवेदन | कुनै काम सम्पन्न गरिसके पछि समग्र कामका बारेमा तयार गरिने कागजात । |
| बालसैन्य | बालसैनिक वा सशस्त्र द्वन्द्वमा प्रयोग गरिएको वा भर्ती गरिएका बालबालिका । |
| मानविय कानुन | सशस्त्र द्वन्द्व वा मानवीय संकटको अवस्थामा व्यक्ति (खासगरी द्वन्द्वसँग असम्बन्धित ) को जीउधनको रक्षा गर्ने उद्देश्यले लागु भएका नियमहरु । |
| समीक्षा | कुनै कुरा राम्रो वा नराम्रो कस्तो भयो भनेर गरिने जाँच वा मूल्यांकन । |

Disclaimer

This publication has been produced with the assistance of the European Union. The contents of this publication are the sole responsibility of Save the Children, CZOPP and Consortium and can in no way be taken to reflect the views of the European Union.



# टिपोट



**थप जानकारीको लागि तथा पत्राचारको लागि सम्पर्क ठेगाना** :

सेभ द चिल्ड्रेन

नेपाल कन्ट्री अफिस

शम्भू मार्ग, सिनामंगल, काठमाण्डौँ

पो.ब.नं. : ३३९४, काठमाण्डौँ

फोन नं. : ०१-४४६८१२८

फ्याक्स : ०१-४४६८१२३

इमेल : post.nepal@savethechildren.org

वेवसाइट : www.savethechildren.net

बालसहभागिताका लागि कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम)

बिजुलीबजार, काठमाण्डौँ

फोन नं. : ०१-४४९०२९७

इमेल : participation.consortium@gmail.com

वेवसाइट : www.consortium.org.np

बालबालिका शान्तिक्षेत्र तथा बालसंरक्षण राष्ट्रिय अभियान (सिजप)

शम्भू मार्ग, सिनामंगल, काठमाण्डौँ

फोन नं. : ०१-४४६८१२८ (एक्सटेन्सन: ५०७, ५२०)

इमेल : coordinator@czop.org

वेवसाइट : www.czop.org


CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION
बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान